# नेपाल: भूकम्प २०७२


## आवासीय संयोजकको कार्यालय - अवस्था प्रतिवेदन नं ०५

**(१५ बैसाख २०७२, ७ बजे सम्म)**

यो प्रतिवेदन संयुक्त राष्ट्र संघ आवासीय संयोजकको कार्यालय र अरु साझेदार मानवीय सहयोग संस्थाहरुको सहकार्यमा तयार गरिएको हो। यो १५ बैशाख २०७२ (२८ अप्रिल २०१५) गते प्रकाशित गरिएको हो। यसले १४ देखि १५ वैशाख (२७-२८ अप्रिल) सम्मको घटनाहरु समेटेको छ। अर्को प्रतिवेदन १६ बैशाख (२९ अप्रिल) तिर प्रकाशित गरिने छ।

## महत्वपुर्ण घटनाहरू

- नेपाल सरकारले १५ वैशाख (२८ एप्रिल) सम्म ४,३५८ जनाको मृत्यु र ८,१७४ जना घाइते भएको जनाएको छ। खोज तथा उद्धार टोलीले १४ जनालाई भग्नावेशहरूबाट जीवितै उद्धार गर्न सफल भएको छ ।
- काठमाडौं उपत्यकाभित्र उद्धार कार्य जारी रहदा भूकम्प अति प्रभावित गोरखा र धादिङ लगायतका धेरै विकट ठाउँहरूमा खोज तथा उद्धार कार्य अघि बढाइएको छ।
- रामेछाप, नुवाकोट, सिन्धुपाल्चोक र गोरखामा ९० प्रतिशत स्वास्थ्य सुविधाहरूमा नराम्रोसँग क्षति पुगेको छ।
- धेरै मानिसहरू काठमाडौं उपत्यका छाडेर भूकम्पबाट कम प्रभावित आफ्नो परिवार रहेको ठाउँहरूमा जान थालेका छन्।
- पानीको सीमित आपूर्तिले गर्दा मानिसहरूबीच अशान्ति सृजना भएको सुनीएको छ। बितरणमा हुने असमानताले प्रभावित मानिसहरूबीचमा रिसिबी पैदा हुने सम्भावना रहन्छ।




Map Sources: UNCS, Nepal Survey Department, MoHA NEOC - 28 Apr, 2015
The boundaries and names shown and the designations used on this map do not imply official endorsement or acceptance by the United Nations. Map created on 28 April, 2015

| | | | | |
|---|---|---|---|---|
| **४,३५८** | **८,१७४** | **८० लाख** | **१४ जिवितै उद्धार** | **१६ शिविर** |
| मृत्यु (२०७१ बैशाख १५ सम्म) | घाइते (२०७१ बैशाख १५ सम्म) | प्रभावित (२०७१ बैशाख १५ सम्म) | (२०७१ बैशाख १५ सम्म) | सरकारद्वारा २०७१ बैशाख १५ सम्म पहिल्याइएको |

# स्थितिको सिंहावलोकन

नेपालको मध्य तथा पश्चिमाञ्चल क्षेत्रहरूमा ७.८ रेक्टरको भूकम्प आएको ४ दिन बिति सकेको छ। भूकम्पका प्रतिकम्पहरूको कारण मानिसहरूको दैनिक जीवन प्रभावित भईरहेकोछ । उनीहरू घर बाहिरै चिसो र भिजेको बतावारणमा सुति रहनु परेको छ । सरकारले मानिसहरूलाई सम्भव भएसम्म घर फर्किन प्रोत्साहित गरेको छ।

विगत २४ घण्टामा सरकारले मृतकको सङ्ख्या ३,३५१ बाट बढेर ४,३५८ पुगेको जानकारी दिएको छ । यहि अवधिमा घाइते हुनेको सङ्ख्या ६,८३३ बाट बढेर ८१७४ पुगेको छ (स्रोत: NEOC - http://neoc.gov.np/en/)। बिकट गाउँहरूबाट जानकारी आउन थालेपछि तथा प्रभावित अरू क्षेत्रहरुमा खोजतलास तथा उद्धार कार्य शुरु भएपछि यी सङ्ख्याहरू झनै बढ्ने अपेक्षा गरिएको छ।

अन्तराष्ट्रिय खोजी तथा उद्धार टोली (सार) ले आजसम्ममा १४ जना पुरिएका मानिसहरूलाई उद्धार गरी सकेको छ। अहिलेको अवस्थामा देशभित्र  उपलब्ध तथा काममा खटिएको सारको टोलीले सबै क्षेत्रहरू समेटन प्रयाप्त छ। अतिरिक्त मानिस खटाउन जरूरी छैन। अहिलेसम्म काममा नखटिएका सारका सबै टोलीहरूलाई छोड्न सुझाव गरिएको छ। साथै, सरकारले काठमाडौं आई नपुगेको विदेशी मेडिकल टोलीलाई उतै कुर्न र तयारी अवस्थामा बस्न अनुरोध गरेको छ ।

खाद्दन्न, आश्रय, पानी, सरसफाई र शारीरिक हेरचाह (वास) सामग्री, उपचारको लागि पाल, औषधिहरू, शल्य चिकित्सा सामाग्रीहरू र मृतकहरूलाई हाल्न मिल्ने झोलाहरूको तत्काले आवश्यकता परेको छ।

काठमाडौँ उपत्यकाको सार्वजनिक जीवन शान्त छ। साना किराना पसलहरू खुला छन् भने ठूला ब्यापारहरू र केहि बैंकहरू अझै बन्द छन्। स्वचालित  बैंकिंङ मेशिनहरू चलिराखेको भए पनि चाहिने  पैसा मेशिनहरूमा केहि ठाउँ मेशिनहरूमा मात्रै र त्यो पनि ढिलो गतिमा थपिंदैछ।

पेट्रोल र डिजेलको जगेडा मौज्दात घट्दै जाँदा कार र ट्रकहरू पेट्रोल पम्पमा लाइन लाग्न थालेका छन्। मुख्यबाटाहरू खुलेका भए पनि केहि शाखा (छेउछाउका) बाटाहरू अझै बन्द छन्। जमीनबाट पानी तान्न र अस्पताल लगायतका अरु बारम्बार बिजुली जाने अत्यावश्यक सेवाहरू चालू राख्न पनि इन्धनको खाँचो छ।

काठमाडौँमा मोबाइल नेटवर्कहरू अझै पनि चलिरहेका छन्। तर नेटवर्क हराउने वा धान्न नसक्ने क्रम चालु छ। शहरभरि बिजुली सीमित छ र अधिकांस घर र कार्यालयहरू जेनेरटरमा निर्भर छन्। यसकारण भूकम्पद्वारा प्रभावित नभएका क्षेत्रमा परिवार भएकाहरू काठमाडौँ छाडेर त्यहाँ जाने क्रम बढ्दो छ।

काठमाडौँ उपत्यका बाहिरका प्रभावित जिल्लाहरूको सूचनाले समुदायहरुमा कति गम्भीर असर परेको छभन्ने प्रष्ट्याऊँछ। जिल्ला विशेषका जानकारी आउँदै  गरेको अवस्थामा ३९ जिल्लामा ८० लाख प्रभावित रहेको र त्यसमध्ये ११ जिल्लाका २० लाख मानिसहरू अति प्रभावित रहेको अनुमान छ[1]।

| | | |
|---|---|---|
| कुल प्रभावित जनसंख्या (अनुमान) | ८१ लाख | |
| | ४० लाख पुरुष | ४१ लाख महिला |
| | ३.९ लाख ५ बर्ष मुनिका बालकहरू | ३.६ लाख ५ बर्ष मुनिका बालिकाहरू |
| | २.२ लाख ६५ नाघेका पुरुषहरू | २.२५ लाख ६५ नाघेका महिलाहरू |
| | | |
| क्षितग्रत घरबाट प्रभावित भएको जनसङ्ख्या | ६४०,००० ओटा | |
| क्षितग्रत घरबाट प्रभावित भएको जनसङ्ख्या | २८ लाख | |
| | १३ लाख पुरुष | १५ लाख महिला |
| | १२०,००० पाँच बर्ष मुनिका बालकहरू | १२०,००० पाँच बर्ष मुनिका बालिकाहरू |
| | ९२,००० ६५ बर्ष नाघेका पुरुषहरू | ९६,००० ६५ बर्ष नाघेका महिलाहरू |

यी सङ्ख्याहरू केवल प्रारम्भिक तथ्याङ्क (बेसलाइन) तथा मोडलहरूमा आधारित छन्। यी सङ्ख्याहरू साङ्केतिक मात्र हुन्। त्यस कारण यिनलाई  प्रारम्भिक योजनाको लागि मात्र उपयोग गर्न सकिन्छ।

काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थल २४ घण्टा खुल्ला छ र यो बन्दोबस्त मिलाउने मुख्य केन्द्र बनेको छ।  तापनि सहयोग टोलीहरू र सामानहरूको आगमन र धेरै विदेशीलगायतका अरू मानिसहरूको बहिर्गमको कारण विमानस्थलमा भिडभाड भएको छ। जीवन रक्षाका सामाग्रीहरूको ओसार पोसारमा सहजता ल्याउनका लागि बिमानस्थलको छेउमा आपतकालीन मानवीय सेवा संयोजन क्षेत्र (हुमनिटेरियन स्टेजिङ एरिया) स्थापना गरिएको छ। उद्धारका सामग्रीहरूको प्रभावकारी व्यवस्थापन र आपूर्तिको लागि पोखरा र विरगन्जमा दुई ओटा बन्दोबस्त केन्द्र स्थापना गरिने छ।

अति प्रभावित जिल्लाहरूलाई समेट्नको लागि काठमाडौंभन्दा बाहिरतिर सहयोग गर्न ध्यान बढाइएको छ।

मौसमविद्हरूले आगामी दश दिनका लागि पानी पर्ने अनुमान गरेका छन्।

# मानवीय सहयोग

## शिविरमा समन्वय र व्यवस्थापन

**आवश्यकता:**
सरकारले काठमाडौं उपत्यकामा १६ ओटा क्याम्पको पहिचान गरेको छ। औपचारिक क्याम्प सेवा सञ्चालन संयन्त्र सेवा प्रदायकहरूको व्यवस्था मिलाउन अझै खाँचो रहेको छ।

**सहयोग :**
काठमाडौं उपत्यकाका १६ ओटा क्याम्पहरूको शिविर समन्वय र व्यवस्थापन (CCCM) को क्षेत्रगत विवरण लिने काम बैशाख १६ (२९ अप्रिल) मा सुरू हुनेछ र यसलाई पछि बाहिरका प्रभावित जिल्लाहरुमा पनि विस्तार गरिने छ।

सबै १६ क्याम्प क्षेत्रहरुमा सरकारी क्लस्टरद्वारा छानिएका विशेष केन्द्र (फोकल प्वाइन्ट) हरु रहेका छन्। हाल यो क्लस्टर, क्याम्पहरूको शिविर समन्वय र व्यवस्थापनमा तालिम प्राप्त तीस सरकारी कर्मचारीहरूको सम्पर्कमा रहेको छ।

## प्रारम्भिक उद्धार

यो कलस्टरले भत्केर छताछुल्ल भएका चिजहरूलाई व्यवस्थापन गर्न र मानिसहरूको आपतकालीन जीविका मिलाउन ध्यान केन्द्रीत गरेको छ।

## शिक्षा

**आवश्यकता:**

शैक्षिक व्यवस्थापन सूचना प्रणाली (ईएमआईएस) बाट प्राप्त तथ्याङकअनुसार अति प्रभावित जिल्लाहरूमा ३,३५३ ओटा, धेरै प्रभावित जिल्लाहरूमा २,९०३ ओटा र आंशिकरुपमा प्रभावित जिल्लाहरूमा ९,७६२ ओटा विद्यालयहरू रहेका छन्। सबै जिल्लाहरुमा क्षतिको आँकलन गर्ने कार्य भइरहेको छ।

प्रभावित बालबालिकाहरूलाई सुरक्षित खेल्ने ठाउँ, सामाजिक मनोवैज्ञानिक सहयोग र जीवन सुरक्षित राख्न चाहिने सन्देशहरूको आवश्यकता छ। प्रभावित जिल्लाहरूबाट प्राप्त प्रारम्भिक प्रतिवेदनअनुसार  भूकम्पको कारण ठूलो सङ्ख्यामा विद्यालयहरू पूर्ण ध्वस्त वा अति क्षतिग्रस्त भएका छन्। खडा रहेका विद्यालयहरू पनि घरविहीन मानिसहरूको लागि आश्रय स्थलको रुपमा प्रयोग भएका छन्।

**सहयोग**

संरक्षण (प्रोटेक्सन) क्लस्टरसँगको समन्वयमा बाल-मैत्री स्थानहरूको लागि पाल र बास निमार्णका सामानहरू खरिद गर्ने काम शुरू भइसकेको छ। बाकसे विद्यालय (स्कुल इन अ बक्स्), शिशु विकास सामग्री (ECD) र खेल/मनोरञ्जनका सामग्रीहरूसमेत आउने क्रममा छन्। संरक्षण क्लस्टरसँग मिलेर शिक्षा क्लस्टरले विस्थापित बालबालिका र सुमदायलाई सामाजिक-मनोवैज्ञानिक सहयोग र जीवन सुरक्षासम्बन्धी सन्देशहरू दिनको गर्नको लागि सहकर्मी संस्थाहरूलाई अभिमुखीकरण गरेको छ। सहकर्मी संस्थाहरूलाई सिन्धुपाल्चोक, भक्तपुर, काठमाडौं, ललितपुर, गोरखा र नुवाकोट पठाइएको छ।

**कमी र अवरोधहरू:**

बालबालिकालाई सुरक्षित राख्न, अल्प र मध्यम अवधिमा अस्थायी अध्ययन स्थल बनाउनको लागि सरकारलाई सहकर्मी संस्थाहरूको ठूलो सहयोगको जरूरी हुनेछ।

## खाध्य सुरक्षा

**आवश्यकताहरू:**

बैशाख १४ गते (२७ अप्रिल) खाध्य सुरक्षा क्लस्टरले कृषि विकास मन्त्रालयसँग बैठक गरेको थियो। सरकारले कल्स्टर सदस्यहरूलाई काठमाडौं बाहिरका भूकम्प प्रभावित जिल्लाहरुमा खाध्य सुरक्षा सहयोग प्रदान गने अनुरोध गरेको छ। खाद्यान्न सहयोगको लागि जम्मा १२ ओटा जिल्लाहरूलाई प्राथमिकतामा राखिएको छ। यस सम्बन्धमा एउटा औपचारिक अनुरोध पत्र पठाई सकिएको छ। प्रारम्भिक आँकलन अनुसार प्रभावित १२ जिल्लाका मानिसहरूको लागि प्रति महिना २०,००० मे.ट. खाद्यान्न सहयोग आवश्यक पर्छ। के कति खाद्यान्न चाहिन्छ भन्ने कुरा आवश्यकताको द्रुत लेखाजोखा गरेपछि मात्र उपलब्ध हुनेछन्।

पशुपन्छी मरेका र भेटेरिनरी औषधी र पशु आहार आवश्यक परेको पनि खबर आएका छन्।

**सहयोग:**

क्लस्टरले १२ ओटा प्राथामिकतामा परेका जिल्लाहरुमा आवश्यकताको द्रुत लेखाजोखा गर्न टोलीहरू पठाई रहेको छ। द्रुत लेखाजोखागर्न अरू साझेदारहरूसँग समन्वय गर्ने काम पनि भइरहेको छ। यस लेखाजोखामा बजारको अवस्थाको समिक्षा पनि गरिने छ।

देशमा हाल लगभग १२० मे.ट. खाध्यान्न रहेको छ। क्लस्टरले भैरहेको खाध्य संचयबाट गोरखा र धादिङमा खाद्यान्न सहयोग पठाएको छ। साथै सडक यातायात नपुग्ने ठाउँमा खाद्यान्न पुर्याउन हवाई उडान (हेलिकप्टर) को व्यवस्था गरेको छ।

करिव ३० मे.ट. उच्च शक्तिबर्धक विस्कुट र पौष्टिकताले भरिएका (चामल र भट्को मिश्रण भएको) खानेकुराहरू दुबहीबाट ल्याइदै छ। यो क्लस्टरको लागि सिन्धुपाल्चोक र नुवाकोट जिल्ला प्राथमिकतामा परेका छन्।

**कमी र अवरोधहरू:**

धेरै निकायहरूले आवश्यकताको पहिचान गर्न आफ्ना टोलीहरू पठाएको हुँदा आउने सक्ने दोहोरोपना र असमझदारी हटाउन अझै बढी समन्वयको जरूरी भएको छ।

## स्वास्थ्य

**आवश्यकताहरू:**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ११ ओटा अति प्रभावित जिल्लाहरूमा निरन्तर रुपमा आवश्यकताको पहिचान गर्ने, र सम्बन्धित ठाउँमा टोलीहरू खटाउने र व्यवस्थापन गर्ने गरिरहेको छ।

स्वास्थ्यसम्बन्धी भौतिक संरचनाहरूको हकमा प्रारम्भिक सूचनाहरूले सङ्केत गरेअनुसार रामेछाप, नुवाकोट, सिन्धुपाल्चोक र गोरखा जिल्लाका सदरमुकाम बाहिरका धेरैजसो (६०-९० %) स्वास्थ्य सुविधाहरू नराम्ररी क्षति भएका छन्। साथै नुवाकोट, दोलखाका सदरमुकाममा रहेका अस्पतालहरू आंशिकरुपमा क्षतिग्रस्त भएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अति प्रभावित जिल्लाका सदरमुकामभन्दा बाहिर औषधी उपचार गर्नका लागि पाल, क्याम्पको आदिको वैकल्पिक व्यवस्था गरेको छ। अस्पताल क्षेत्रमा पानीको आपूर्तिमा तिब्ररुपमा कमी हुँदै आइरहेको छ र सरसफाईको अवस्था जोखिमपूर्ण बन्दै छ।

**सहयोग:**

बीसभन्दा बढी क्लस्टर साझेदारहरूले विशेषज्ञ कर्मचारी, स्वास्थ्य उपचारका सामग्री, लास राख्ने खोल, पानी छान्ने र शुद्धीकरण गर्ने सामग्री दिएर तथा फिल्ड अस्पताल बनाएर वा बनाउने आधारभूत सामग्रीहरू दिएर उद्धार कार्यमा टेवा दिइरहेका छन्। सिन्धुपाल्चोक र धादिङका घाइतेहरुलाई जहाजबाट धुलिखेल अस्पतालमा ल्याइएको थियो। साथै फिल्ड कार्यकर्तालाई प्रभावित भएका बढी दुर्गम ठाउँहरूमा पठाइएको छ।

प्रभावित क्षेत्रहरूमा विदेशी स्वास्थ्य टोलीहरूले अस्थायी अस्पतालहरू स्थापना गरेका छन्। (उदाहरणको लागि पाकिस्तानी सेनाले भक्तपुरमा अस्थायी अस्पताल चलाएको छ।)

**कमी र अवरोधहरू:**

घाइतेहरूको व्यवस्थापन गर्नको लागि अतिरिक्त पालहरू, चिरफारका उपकरणहरू र औषधिको अझै खाँचो छ। अरू आवश्यक परेका थप कुराहरुमा मेरुदण्डको घाईतेहरुलाई आघात (trauma) पछि, र पुनस्थापनको लागि स्याहार-सुसार; घुम्ती शौचालय र भूकम्पपछि फैलन सक्ने रोगबारे दिनु पर्ने जानकारी पर्दछन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अरू देशहरूलाई अतिरिक्त स्वास्थ्य टोलीहरू नपठाउन आग्रह गरेको छ। नेपाल सरकारले अवस्थाको मुल्याङकन गरी आवश्यकता परेको खण्डमा खवर गर्ने छ।

खासगरी स्वास्थ्य संस्थाहरूबाट उपचार गरि पठाइएका तर थप उपचार सहायता चाहिएका र हेरचाह गर्ने कोही पनि नभएका मानिसहरूको लागि ‘ट्रान्जिट क्याम्प’ वा पुनस्थापन स्याहार-सुसारको व्यवस्था गर्नु आवश्यक छ।

के कस्ता स्वास्थ्य कार्यक्रमहरू हुदैछन् भन्ने कुराको उचित खोजी र जानाकारी हुनु पर्दछ।

## बन्दोबस्त

**आवश्यकताहरू:**
हाल सीमित मात्रामा हेलिकप्टर सुविधा उपलब्ध छ तर उद्धार सामग्री लैजानको लागि थप सुविधाको आवश्यकता परेको छ। सीमित सडक सुविधा भएका वा सुविधै नभएका ठाउँहरुमा सेवा पुर्याउनको लागि काठमाडौं उपत्यकाभन्दा बाहिर पनि सेवा संयोजन क्षेत्र  (स्टेजिङ एरिया) स्थापना गर्नु आवश्यक छ।

**सहयोग:**
आपतकालीन मानवीय सेवा सङ्गठनहरुको लागि ३२ ओटा घुम्ती भण्डार राखेर आपतकालीन मानवीय सेवा संयोजन क्षेत्र (हुमनिटेरियन स्टेजिङ एरिया) राम्रोसँग सञ्चालनमा आएको छ। विदेशी सैन्य सामाग्री सहयोग सहित बढीमा २ टनको क्षमता भएका  हाल देशभित्र  छ ओटा M18 jजहाजहरू छन्।

पोखरा विमानस्थल सञ्चालनमा छ र उद्धार सामग्री आपूर्तिलाई बढाउन त्यहाँबाट हर्कुलिस् जहाज पनि उडाउन सकिन्छ। उद्धार सामग्री आपूर्तिको प्रभावकारी व्यवस्थापन गर्न नेपालगन्ज र विरगन्जमा दुई केन्द्रहरू सञ्चालनमा ल्याइने छ।

सहयोगी टोलीहरू र सामानहरूको आगमन, र बहिर्गमन हुने विदेशीहरूका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भिडभाड बढेको छ। यो क्लस्टरले स्थानीय अधिकारीहरूसँग मिलेर तथा DHL को सहयोगसमेतमा भिड घटाउने काममा सहजीकरण गरिरहेको छ।

**कमी र अवरोधहरू:**
काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा अधिकतम १ सय ९० टनसम्म वजन भएको विमान मात्र अवतरण गर्न सक्छ। यसले गर्दा उद्दार आपूर्ति सीमित मात्रामा आउन सकेको छ। अवतरण गर्ने र सामान झार्ने निर्धारित स्थानको अभावका कारण  विमानस्थलमा जाम बढेर  झनै समस्या थपिएको छ।

विमानस्थलमा जेटको लागि चाहिने इन्धनको सीमित उपलब्धता पनि सरोकारको विषय भइरहेको छ।

## पोषण

**आवश्यकताहरू:**
सबै २१ ओटा प्रभावित जिल्लाहरूमा पोषण स्थितिको  मुल्याङ्कन गरी योजना तयार गरि लागु गर्नु पर्ने छ।

**सहयोग:**
यो क्लस्टरले २१ ओटा प्रभावित जिल्लाहरूमा कसले, कहाँ,  के गर्छन भन्ने जानकारी पाएकोले ति जिल्लाको स्थितिको तत्काल समिक्षा गर्नको लागि सम्बधितहरुलाई जिम्मेवारीसहित खटाइएको छ। बैशाख १६ मा दिइने अभिमुखीकरणले सहयोगी साझेदारहरुलाई पोषणको शिघ्र लेखाजोखा गर्न मद्दत पुग्ने छ।

पोषण क्लस्टरले पोषण सहयोगको लागि चाहिने  सामग्री जस्तै परामर्श र सूचनाको प्रसारणको लागि चाहने सूचना, शिक्षा र सञ्चार (IEC), अनि मध्यम  तथा गम्भीर खालका कुपोषणको व्यबस्थापनका साथै भिटामिन ए, सूक्ष्म-पौष्टिक धुलो र आइरन-फोलिक एसिडको प्रयोग गरि सूक्ष्म-पौष्टिकताको अभावमा हुने रोगहरूको निवारण र नियन्त्रणको बारेमा समिक्षा गरेको छ।

पोषण स्थितिको तीब्र मूल्याङ्कन लगत्तै प्राथमिकतामा परेका प्रभावित जिल्लाहरूमा काम शुरु हुनेछ।

**कमी र अवरोधहरू:**

पाँच वर्ष मुनिका बालबालिकाहरू तथा गर्भवती र सुत्केरी आमाहरूलाई अतिरिक्त खानाको आवश्यकता भएको र शिविरमा बसेका र प्रभावित जिल्लामा बसेका गम्भीर कुपोषण भएका बालबालिकाहरूको उपचारको आवश्यकता परेको छ।

## संरक्षण

**सहयोग**:

क्लस्टर सदस्यहरुलाई सहयोग प्रदान गर्नको लागि एउटा सूची उपलब्ध गराइने छ, र सोसल ओर्कर्सको एउटा टोली परिचालन गरिने छ जसले बैशाख १६ (२९ अप्रिल) भित्र परिवारबाट छुट्टिएका बालबालिकाको पहिचान गर्न सुरू गर्ने छ। क्लस्टरका सदस्यहरुले दिइएको क्लस्टर जाँच सूची (क्लस्टर चेक्लीस्ट) प्रयोग गरी सूचना सङ्कलन थालिसकेका छन्।

**कमी र अवरोधहरू:**

समग्र संरक्षणको अवस्थाको बारेमा सीमित सूचना  उपलब्ध छ। ३३ जिल्लाका महिला तथा बालबालिका कार्यालयमार्फत प्रभावित जिल्लाका सूचनाहरू छिट्टै प्राप्त हुने अपेक्षा गरिएको छ।

## बसोवास

**आवश्यकताहरू:**

जिल्लास्तरमा प्रारम्भिक समीक्षाका काम भइरहेका छन्। नेपाल सरकारले भूकम्पको कारण ७०,००० घरहरू नष्ट भएको र ५३०,००० घरहरुमा क्षति भएको अनुमान गरेको छ। चिसो र पानी परेको मौसमको बाबजुद पनि धेरै मानिसहरू खुल्ला ठाउँमा बसीरहेका छन्। एकातिर लामो समयसम्म घरबारबिहिन हुने अवस्था आउनबाट रोक्नु पर्ने छ, भने अर्कोतिर जसको घर सुरक्षित छ सो परिवारलाई घर फर्काउनु पर्ने छ।

**सहयोग:**

विभिन्न प्रभावित जिल्लामा बिभिन्न निकायहरुले ८,००० तिरपाल र १,००० बास निमार्ण सामग्रीहरु बाँडीसकेको छ।

**कमी र अवरोधहरू:**

घरबारविहीन भएका, घर भत्केका वा घर असुरक्षित देखिएका मानिसहरूको लागि अल्पकालीन र दीर्घकालीन समस्याको समाधान समेतलाई ध्यान दिँदै तत्काल उपयुक्त बासस्थान खोज्नु पर्ने छ। अझ धेरै गैर खाध्य  सामाग्रीहरु (NFI), तिरपाल, बास निमार्ण सामग्रीहरू बितरण गर्नु आवश्यक भएको छ। तर देशभित्र तिरपाल र अन्य जडान सामग्रीहरू सीमित मात्रामा मात्र उपलब्ध छन्। तिरपाल बाँड्दा अरू आवश्यक जडान सामग्रीहरू पनि दिनु पर्छ। कस्तो किसिमको क्षति भएको छ भन्ने सामान्य सूचना नहुँदा सहयोग गर्ने निकायहरूले अनुमानको आधारमा बास व्यवस्थाको काम गर्नु पर्ने हुन्छ।

## पानी, सरसफाई र शारीरिक हेरचाह

**आवश्यकताहरू’**

कम्तिमा पनि ९५ प्रतिशत घरहरु क्षति भएका  गोरखा, लमजुङ र धादिङमा गरिएको अवस्थाको मुल्याङकनबाट प्रभावित क्षेत्रमा सरसफाई सामग्री, अक्वा ट्याब्लेट र पानी सुद्धिकरण वा कोलोरिनेसन गर्ने प्याकेटहरुका साथै प्लास्टिकका बाल्टी र तिरपालको तत्कालै आवश्यकता परेका छ। यी जिल्लाका करिव ३,००० मानिसहरुलाई सरसफाई सामाग्री/सुविधाको आवश्यकता परेको छ।

**सहयोग:**
क्लसटर सदस्यहरुले अस्थायी क्यापहरुमा ९० ओटा शौचालय स्थापना गर्दैछन् र भक्तपुर जिल्लामा २०० ओटा सरसफाई सामाग्रीको पोका बितरण गरेका छन्।

धादिंङ स्थित जिल्ला विपत्ति राहत समिति (DDRC)ले पानी, सरसफाई र स्वस्थता राख्ने सामग्रीहरू (२२० स्वस्थता राख्ने सामग्री, ५ कार्टुन आक्वा ट्याब्लेट र २,६४० क्लोरिन पुरिया) पाएकोछ र भोलि बैशाख १६ (२९ अप्रिल) देखि वितरण गर्न थाल्नेछ।

गोरखामा गरिएको लेखाजोखाको नतिजा र पत्ता लगाएको तात्कालिन आवश्यकताको आधारमा  बैशाख १६ (२९ अप्रिल) गते क्लस्टरले २,००० तिरपाल, ३,००० शारीरिक स्वस्थताको  सामग्रीहरु, ३,००० आक्वा ट्याब्लेट, २,००० प्लास्टिक बाल्टी (२० ली. र १० लि.), १,५०० बोटल पियुष वितरण सुरु गर्नेछ।

विभिन्न साझेदारहरुद्वारा प्रभावित क्षेत्रहरुमा पियुष (पानी सफा गर्ने थोपाहरु) बाँडीदैछ र एउटा पानी सुद्धिकरण केन्द्रको स्थापना गर्ने योजना गरिएको छ।

पानी ट्याङ्करहरुले अस्थायी शिविरहरुमा पानी वितरण गर्न थालेका छन्।

**कमी र अवरोधहरू:**
निजी ट्याङ्करहरुले वितरण गरेको पानीको गुणस्तर पिउन योग्य छैन। यसकारण काठमाडौंका निजी ट्याङ्करहरूबाट पानी पाइराखेका १६ शिविरहरुमा पानी सफा गर्ने क्लोरिनजन्य पदार्थहरूको तत्काल आवश्यकता परेको छ।

## प्रभावित समुदायसँग सञ्चार

प्रभावित समुदायसँग सञ्चार  गर्नको लागि रेडियो र सामाजिक मिडिया सबैभन्दा प्रभावकारी माध्याम हुन्।

**सहयोग:**
सहयोगका प्रयासहरूलाई टेवा पुर्याउने हेतुले राष्ट्रव्यापी रुपमा सट्वेभ फ्रिक्वेन्सीबाट आधारभूत जीवन रक्षाका सन्देश सञ्चार गर्नको लागि रेडियो कार्यक्रम सुरू भएको छ। प्रभावित समुदायसँग सञ्चार  गर्नका लागि आउँदा केही हप्तादेखि टेलिभिजन र रेडियो कार्यक्रमहरु पनि सुरु गर्ने कुरा तय भएको छ।

**कमी र अवरोधहरू:**
एउटै, शुद्ध र एकरूपको सन्देश दिनको लागि सबै क्लस्टरको बीचमा सहमति हुनु आवश्यक छ। तत्काल साझा सञ्चार प्रयासहरू थाल्नको लागि साझेदारहरुको बीचमा सन्देशहरू बाँडिनु पर्छ।

तत्काल सूचना पुर्याउनको लागि कुन रेडियो स्टेसनहरू चलिरहेका छन् र कुन रेडियो स्टेसनहरूलाइ उपकरण सहयोग चाहिएको छ भन्ने पत्ता लगाउनु आवश्यक छ। हाल चलेका रेडियोहरूले देशभरी चल्ने  सटवेभ फ्रिक्वेन्सीको प्रयोग गर्दछन्। फलस्वरूप यिनी हरुको प्रसारणमा स्थानीय सामग्रीहरु सीमित मात्रामा रहेका छन्।

प्रभावित समुदायसँग सञ्चारमा सुधार गर्नका लागि थप साझेदारहरु र सूचनाका स्रोतहरूको पहिचान गर्नु आवश्यक छ।

# साधारण समन्वय

नेपाल सरकारले राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र पूर्ण सञ्चालनमा ल्याएर उद्दार सहयोगका प्रयासहरूलाई नेतृत्व दिने काम गरिरहेको छ। नेपाली सेनाले आफ्नो मुख्यालयमा रहेको बहुराष्ट्रिय समन्वय केन्द्रमार्फत वैदेशिक सेनासम्बन्धी सहयोगलाई निरन्तर समन्वय गरिरहेको छ।

संयुक्त राष्ट्र संघीय विपत लेखाजोखा तथा समन्वय कार्यालय (UNDAC) द्वारा काठमाडौं विमानस्थलमा स्थापित स्वागत तथा बहिर्गमन विभागले अन्तर्राष्ट्रिय आउने खोजतलास तथा उद्दार टोली (SAR) हरुलाई भेट्न र काम मिलाउने गरिरहेको छ। हाल नेपालमा खोजतलास तथा उद्दार गर्न सक्ने गरि निम्न लिखित देशहरु दर्ता भएका छन् : वेल्जियम, चीन, फ्रान्स, जर्मनी, हंगेरी, भारत, इटली, जापान, नेदरल्याण्डस्, नर्वे, पोल्याण्ड, रुस, सिङ्गापूर, स्पेन, स्विजरल्याण्ड, टर्की, संयक्त अधिराज्य र अमेरिका छन्। अहिलेसम्म प्राप्त प्रतिवद्धताहरू प्रभावित सबै क्षेत्रमा सेवा दिन प्रयाप्त हुने भएकोले हालसम्म काठमाडौं आइ नपुगेका सार टोलीहरूलाई अब नआउँन् अनुरोध गरिएको छ। काठमाडौं आइ नपुगेका सबै विदेशी टोलीहरूलाई पर्खेर बस्न भनिएको छ।

हरेक दिन दिउँसो ३ बजे मानवीय सेवा समन्वय टोलीको  बैठक बस्छ। मानवीय सेवा समन्वय टोलीले बुधबार, बैशाख १६ (अप्रिल २९) गते दिउँसोको समयमा नेपाल सरकारको सहयोगमा तात्कालिक आपतकालीन सहयोगको लागि अपिल (Flash Appeal) प्रकाशित गर्ने अपेक्षा गरेको छ।

उद्धार कार्य सुरु हुंदा मूख्य भारतको सहयोग थियो: शनिबार गएको भूकम्प लगत्तै १३ ओटा हवाई जहाज र ७ ओटा हेलिकोप्टर, बसहरु र ट्रकहरुमा औषधि र उद्धार सामाग्रीहरु र एउटा घुम्ती चिकित्सालय पठाइएको थियो। सञ्चार मध्यमहरूका अनुसार भारत सरकारले २२ टन खाध्यान्न, ५० टन पानी, र १० टन कम्मलसहित अरू उद्धार सामाग्रीहरु पठाएको छ। भारतले इन्जिनियर कार्य दल र चिकित्सक टोलीहरु सहित २० टोलीको राष्ट्रिय विपत उद्धार दल पठाएको छ।

भूकम्प गएको लगत्तै पछि भैरहेको उद्धारमा निजी क्षेत्रको भूमिका अझै स्पष्ट पार्नु पर्ने छ तर समन्वयको लागि सम्पर्क सुरु गरि सकिएको छ। यसै बेला, सिन्धुपल्चोक जिल्लामा चलिरहेको एउटा इटालीको निर्माण कम्पनी, कोपरेटिवा मुराटोरी र सिमेन्टिसटी (CMC) ले मेलम्चीमा रहेको आफ्नो अस्पतालमा आकस्मिक उपचार सेवा दिंदै, यसको क्षमतालाई अझै बढाएको छ (यसको सञ्चालन शहरी विकास मन्त्रालय अन्तर्गत पर्दछ र सूचनाको आदानप्रदान स्वास्थ्य क्लस्टरको नेतृत्व गर्ने विश्व स्वास्थ्य संघ (WHO) मार्फत गरिन्छ )। क्लस्टरहरुलाई निजी क्षेत्रद्वारा मानवीय सेवामा गरिएका सहयोगलाई पत्ता लगाउन र मान्यता दिन अनुरोध गरिएको छ। क्लस्टरहरुलाई निजी क्षेत्रहरुको योगदानको बारेमा जानकारी बाँड्न अनुरोध गरिएको छ।

समय मै विस्तृत जवाफका लागि सम्पूर्ण मानवीय सहयोग कार्यक्रमका बारेका जिज्ञासाहरू eqcoordination@un.org.np मा ईमेल गर्नुहोला। थप जानकारीको निम्नानुसार अनुरोध गर्न, बुझाउन वा प्राप्त गर्न सकिन्छ :

- **यूएनडीएसी (UNDAC)**: nepalundac@gmail.com
- मानवीय सहयोग कार्यक्रम र समन्वयका र तय गरिएका बैठकहरुको बारेमा **जानकारी** यहाँ पाईन्छ: http://www.humanitarianresponse.info/operations/nepal
- सबै **जिन्सी दानहरूको** बारेमा यहाँ जानकारी दिनुहोस् वा खोज्नुहोस्: logik@un.org
- **नगद योगदानको** बारेमा यहाँ जानकारी दिनुहोस्: fts@un.org
- **फाईनान्सीअल ट्रयाकिंग सर्विस** (एफटीएस): http://fts.unocha.org
- लोकप्रिय क्राउडसोर्सिङ साइट निम्न छन् : http://kathmandulivinglabs.org/earthquake/main र http://www.nepalquake2015.org/
- **ओएसओसीसी को घोषणामा शहरी खोज र उद्धार टोलीहरू** : https://vosocc.unocha.org/

[1] 1 विभिन्न स्तरको कम्पनबाट प्रभावित भएको जिल्लाको क्षेत्रफलका आधारमा नेपालका जिल्लाहरुलाई (१-५) को गम्भीरता अङ्क दिइएको छ। कम गुणस्तरको सामग्री प्रयोग गरेर बाहिरी भित्ता र जग  बनाईएका घरहरूको पहिचान गरेर, तथा तिनीहरू भुकम्पको कम्पनबाट कुन हदसम्म प्रभावित हुन सक्लान् भन्ने हिसाब गरेर क्षतिग्रस्त घरहरुको सङ्ख्या अनुमान गरिएको हो। बास्तविकतासँग मेल खाओस् भनेर सुनिश्चित गर्न, क्षतिग्रस्त घरहरुको बारेमा सरकारबाट प्राप्त बास्तविक तथ्याङ्कहरुसँग यस अनुमानित तथ्याङ्कलाई तुलना गरिएको थियो। गम्भीरताको अङ्कलाई सरकारबाट प्राप्त बास्तविक तथ्याङ्कहरुको आधारमा समायोजन गरिएको थियो । प्रभावित जनसङ्ख्याको समग्र अनुमान (यस अनुमानमा घर नभत्किएको तर पानी र खानाको  खाँचो भएकाहरुलाई पनि समावेश गरिएको छ) सरकारले दिएको मार्गदर्शन (प्रभावित जिल्लाहरुको ५० प्रतिशत जनसंख्यालाई प्रभावितजनसंख्यामा राख्ने) को आधारमा गरिएको हो।

**संकटको पृष्ठभूमि**

स्थानीय समयानुसार ११ बजेर छपन्न मिनेट जाँदा काठमाडौं देखि उत्तर पश्चिम तथा चीनको सीमानाबाट दक्षिण पर्ने लम्जुङ्ग जिल्लामा केन्द्रविन्दु भएको ७.८ रेक्टर स्केलको भूकम्प गयो। यस पछि बैसाख १३ गते ६.७ रेक्टर स्केल मापन भएको लगायत दर्जनौ भूकम्पीय झड्काहरू गयो।

**थप जानकारीको लागि निम्न व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला:**

मास्सिमो दैआना, massimo.diana@one.un.org, फोन: +९७७ ९८०११४५७००
ओर्ला फगन, fagano@un.org, फोन: +६६ ८९९४४७६२३
थप जानकारीको लागि कृपया www.unocha.org, www.reliefweb.int, www.humanitarianresponse.info/nepal मा जानुहोला

कृपया यस इमेल सुचीमा संलग्न हुन अथवा अलग हुनको लागि massimo.diana@one.un.org मा इमेल गर्नु होला

**In the event of a difference in meaning between the Nepali and English texts, the English shall prevail. This translation was coordinated by a team of Nepali and International volunteers, it is not authoritative or official.**

**नेपाली र अंग्रेजी प्रतिवेदनको अर्थ भिन्न भएमा, अंग्रेजी प्रतिवेदन सहि मनिनेछ। यस अनुबाद एउटा नेपाली तथा अन्तराष्ट्रिय स्वयंसेवकहरुको टोलीद्वारा समन्वित भएको हो र त्यसैले यसलाई अधिकारिक मानिने छैन।**